## सञ्चालक समितिको बैठक

आज मिति २०७९ भदौ १५ गते बुधबार बिहान ८ बजे विश्वशान्ति चिरन मिलन क्याम्पस सञ्चालक समितिका अध्यक्ष डा.शम्भुराम सिंखडाको अध्यक्षतामा क्याम्पस सञ्चालक समितिको बैठक बस्यो । बैठकमा निम्नानुसारको उपस्थिति रहेको थियो :

उपस्थिति :

१. डा. शम्भुराम सिंखडा (अध्यक्ष)
२. प्रा.डा.मोहनप्रसाद लोहनी (आमन्त्रित, निवर्तमान अध्यक्ष)
३. डा. शिव पौडेल (सदस्य)
४. प्रा. श्री रमेशप्रसाद कोइराला (सदस्य)
५. श्री केशबहादुर शाही (सदस्य)
६. श्री तुलसालता अमात्य (सदस्य)
७. श्री प्रेम थापा (कामपा ३ वडाध्यक्ष, पदेन सदस्य)
८. श्री श्रीरङ्ग रेग्मी (सदस्य)
९. श्री नेत्रप्रसाद न्यौपाने (सदस्य सचिव)

**प्रस्तावहरू :**

१. भवनका कोठाहरूको प्रयोग र प्रयोजन तथा व्यवस्थापन सम्बन्धमा
२. प्राध्यापक तथा कर्मचारी मूल्याङ्कन फारम स्वीकृत सम्बन्धमा
३. विभिन्न सङ्घसंस्थासँग सम्झौता सम्बन्धमा
४. विभागीय प्रमुखलाई कम्प्युटर तालिम र कम्प्युटर सम्बन्धमा
५. कम्प्युटर प्रयोगशाला सम्बन्धमा
६. अन्य विश्वविद्यालयसँग शैक्षिक तथा प्राविधिक विषयमा सम्झौता गरिने सम्बन्धमा

निर्णयहरू

निर्णय नं. १

**IQAC** ले तयार पारेको वर्तमान भवनका कोठाहरू र नयाँ बन्ने भवनका कोठाहरूको प्रयोग र प्रयोजनसम्बन्धी विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

**IQAC** ले तयार पारेको प्राध्यापक तथा कर्मचारीहरूको मूल्याङ्कन फारम, प्राध्यापक स्वमूल्याङ्कन फारम र अन्य मूल्याङ्कनका फारमहरू सञ्चालक समितिबाट पारित गर्ने निर्णय गरियो । फारमहरूको विवरण निर्णयको अन्त्यमा राखिएको छ ।

निर्णय नं. ३

सुमधुर सम्बन्ध कायम राख्न र विद्यार्थीहरूलाई रोजगारी तथा अन्य क्रियाकलापमा सक्रिय सहभागी गराउन विभिन्न संघसंथाहरूसँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

क्याम्पसका विभागीय प्रमुखहरूलाई कम्प्युटरसम्बन्धी विशेष ज्ञानका लागि आवश्यक कम्प्युटर तालिम दिन IQAC लाई सुझाव दिन र प्रत्येक विभागलाई एक एकओटा कम्प्युटर उपलब्ध गराउन क्याम्पस प्रमुखलाई कार्यव्यवस्थापन गर्ने गरी निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा विद्यमान कम्प्युटर प्रयोगशालालाई अझ प्रभावकारी र सुविधासम्पन्न बनाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

६. क्याम्पसको शैक्षिक गुणस्तरलाई अझ सुदृढ बनाउँदै लैजाने, क्याम्पसलाई प्रविधिमैत्री बनाउने, अतिरिक्त पाठ्यक्रम निर्माण गर्ने जस्ता विषयसँग सम्बन्धित छलफलका निम्ति नेपाल संस्कृत विश्वविद्यालयसँग सहकार्य गरी आवश्यक सम्झौता गर्न क्याम्पस प्रमुखलाई जिम्मा दिने साथै अन्य विश्वविद्यालयसँग सम्झौताका लागि सञ्चालक समितिका सदस्यहरूले पहल गर्ने निर्णय गरियो ।